२. **अनुच्छेदमा आउने अघिल्ले वाक्यलाई के भनिन्छ ?**

(क) शीर्षवाक्य (ख) मुख्य वाक्य

(ग) बीच वाक्य (घ) निर्धारक वाक्य

३. **अनुच्छेदमा जम्मा कति भाग हुन्छन् ?**

(क) दुई (ख) तीन

(ग) चार (घ) पाँच

४. **कस्तो अनुच्छेदमा कल्पना र भावनाका सहायताले भाव व्यक्त गरिन्छ ?**

(क) वस्तुपरक (ख) तार्किक

(ग) आत्मपरक (घ) व्यङ्ग्यात्मक

५. **विषयवस्तुलाई नै मुख्य आधार बनाइ वर्णनात्मक शैलीमा लेखिने अनुच्छेद कुन हो ?**

(क) वस्तुपरक (ख) विश्लेषणात्मक

(ग) आख्यात्मक (घ) आत्मपरक

**विषयगत प्रश्न**

१. नजिकै आउँदै गरेको परीक्षालाई लिएर मनमा उठेका कुराहरू समेटेर एउटा अनुच्छेद लेख्नुहोस् ।

२. विद्यार्थी जीवनमा अनुशासनको महत्व शीर्षकमा १०० शब्दसम्मको एक अनुच्छेद लेख्नुहोस् ।

३. 'शिक्षा एक अमूल्य धन' शीर्षकमा एउटा अनुच्छेद लेख्नुहोस् ।

४. शैक्षिक भ्रमणमा अनुभूति गरेका विषयलाई समेटेर एक अनुच्छेद लेख्नुहोस् ।

५. मातृभूमि शीर्षकमा एउटा अनुच्छेद तयार गर्नुहोस् ।

६. कवि माधवप्रसाद घिमिरेको परिचय र प्रवृत्ति खोजेर एक अनुच्छेद तयार गर्नुहोस् ।

☑



एकाइ ८

# व्यावहारिक लेखन

## ८.१ व्यावहारिक लेखनको परिचय

कुनै पनि व्यक्ति वा संस्थाले दैनिक एवम् सामाजिक व्यवहारका कार्यहरूमा लेख्ने लेखोटलाई व्यावहारिक लेखन भनिन्छ । मानिसले समय र परिस्थिति अनुसार विभिन्न चिठी, निवेदन, निमन्त्रणा, विज्ञापन, शुभकामना र बधाई लेख्ने वा दिने गर्नुपर्दछ । यसरी आवश्यकता अनुसार लेखिने विज्ञापन, शुभकामना, बधाई चिठी, आदिलाई नै व्यावहारिक लेखन भनिन्छ । घरायसी सूचना आदान प्रदान गर्न चिठी लेखिन्छ । कार्यालयमा आवश्यक कार्यका लागि अनुरोध गर्न निवेदन लेखिन्छ । आफ्ना वस्तु तथा सेवाको प्रचार प्रसार गर्न विज्ञापन लेखिन्छ । चाडपर्व विशेष र नयाँ वर्षमा शुभकामना आदानप्रदान गरिन्छ । आफ्ना आफन्त वा संस्थामा आवद्ध व्यक्तिले गरेको प्रगतिमा बधाइ दिइन्छ । यसरी विभिन्न अवसरमा लेखिने लेखनलाई व्यावहारिक लेखन भनिन्छ । ती मध्ये पाठ्यक्रममा उल्लेख भएका विज्ञापन, शुभकामना, बधाईज्ञापन र व्यक्तिवृत्तको चर्चा गरिन्छ ।

### (क) विज्ञापन

कुनै पनि वस्तु तथा संस्थाको सार्वजनिक रूपमा सन्देश प्रसार प्रचार गर्नुलाई विज्ञापन भनिन्छ । यो सर्वसाधारण तथा ग्राहकहरूलाई आकर्षित गरेर उत्प्रेरणा जगाउने सन्देश हो । विज्ञापन व्यापार, व्यवसाय बढाउने प्रभावकारी माध्यम हो । यसमा शीर्षक, सन्देश र प्रचारक गरी तीन महत्वपूर्ण अङ्गहरू रहेका हुन्छन् । विज्ञापनमा प्रयोग गरिने शीर्षक उपशीर्षकले कुन वस्तु तथा सेवाको विज्ञापन हो भन्ने सङ्केत गर्दछ । सन्देश चाहिँ विज्ञापनको मुख्य अङ्ग हो । यसमा विभिन्न सुक्ति, कवितांश र आकर्षक भाषाशैलीमा वस्तु तथा सेवाको बढाइचढाइ वर्णन गरिएको हुन्छ । विज्ञापनको अन्तिम अङ्ग प्रचारक वा प्रयोजकको नाम र ठेगाना हो; यसमा कुन व्यक्ति तथा संस्थाले प्रचार गरेको हो । त्यसको नाम र ठेगाना उल्लेख गरिन्छ ।

विज्ञापनको प्रचारप्रसारका माध्यम पत्रपत्रिका, रेडियो, टेलिभिजन, पोस्टर आदि हुन् । यी माध्यम अनुसार सचित्र वा प्रभावकारी वाणीका सहायताले विज्ञापन

प्रसार गरिन्छ । यसमा प्रयोग गरिने भाषा सङ्क्षिप्त, आकर्षक, सुक्तिमय, आदरार्थी युक्त, अनुरोधमूलक र अतिशयोक्तिमूलक हुनुपर्दछ । यहाँ विज्ञापनका केही नमुनाहरू प्रस्तुत गरिएको छ :

**विज्ञापन नमुना १**

**खुसीको खबर !!! खुसीको खबर !!!**

मध्यपश्चिम विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत स्नातक तह बी.एड. पहिलो सेमेस्टरमा अध्ययन गर्नेहरुका लागि उपप्राध्यापक खुमबहादुर खड्काद्वारा लिखित **अनिवार्य नेपाली** पुस्तक सर्वत्र बजारमा उपलब्ध छ । सरल भाषाशैलीमा लेखिएको यो पुस्तक स्नातक तहका विद्यार्थीहरूका लागि अत्यन्त उपयोगी भएकाले समयमै आफ्नो प्रति सुरक्षित गर्नुहोला ।

यस पुस्तकका विशेषताहरू

- म.प.वि.को पाठ्यक्रममा पूर्ण रूपले आधारित
- विषयवस्तुको क्रमवद्ध, स्पष्ट र स्तरीय प्रस्तुति
- आवश्यक सरल र सहज उदाहरणवाट स्पष्ट पारिएको
- पर्याप्त अभ्यासहरू समावेश गरिएको ।
- संत्रान्त परीक्षामा सोधिएका पुराना प्रश्नपत्रहरू राखिएको ।

**आदित्य बुक्स एन्ड डिस्ट्रिव्युटर्स**
**बागबजार, काठमाडौं**

**नमुना -२**






**ख) शुभकामना**

आफ्ना दाजुभाइ, दिदीबहिनी, इष्टमित्र, शुभचिन्तक, ग्राहक आदिलाई जन्मदिन, चाडपर्व तथा नयाँ वर्षको अवसरमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको कामना गरी पठाइने सन्देशलाई शुभकामना भनिन्छ । शुभकामना सन्देश पत्रपत्रिका, रेडियो, टेलिभिजनमार्फत छापेर वा प्रसारण गरेर दिइन्छ । केही शुभकामनाका नमुना निम्न लिखित छन् :

**नमुना १**



**हार्दिक शुभकामना**



विजया दशमी, शुभ दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण लेखक, प्राध्यापक, विद्यार्थी तथा ग्राहक महानुभावहरूलाई सुख, शान्ति, सुस्वास्थ्य एवम् समृद्धिका लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

आदित्य बुक्स एन्ड डिस्ट्रिव्युटर्स
काठमाडौं

**नमुना -२**

***नव वर्ष २०७८ को उपलक्ष्यमा सुख, शान्ति तथा समृद्धिका लागि हार्दिक मङ्गलमय शुभकामना***



**कुनाल हमाल**
**अध्यक्ष**
जनरल इन्सोरेन्स कम्पनी लि.

**(ग) बधाई ज्ञापन :**

कुनै खास व्यक्ति, संस्था वा समुदायको उपलब्धि उन्नति, प्रगति र सफलताको विषयलाई लिएर प्रदान गरिने शुभेच्छालाई बधाइ ज्ञापन भनिन्छ । बधाई ज्ञापन गर्दा उन्नति गर्ने व्यक्ति वा नाम, उपलब्धिको विवरण, समय, हर्षको भाव र बधाई दिने व्यक्ति वा संस्थाको नाम र ठेगाना उल्लेख गरिन्छ । जस्तैः

**नमुना -१**

**हार्दिक बधाई तथा शुभकामना**

*हाम्रो आदरणीय दाजु सुरज उप्रेतीज्यू पूर्णिमा विकास बैंक लि. को गरिमामय अध्यक्ष पदमा चयन हुनु भएकोमा हार्दिक बधाइ तथा कार्यकालको पूर्ण सफलताको शुभकामना प्रकट गर्दछौं ।*

कवीर अटोमोबाइल्स परिवार
वुटवल, कातिकानगर

**नमुना -२**

**हार्दिक बधाई**

**फोटो**

मध्यपश्चिम विश्वविद्यालय सुर्खेतका प्राध्यापक आनन्दप्रसाद सुवेदीज्यू परीक्षा व्यवस्थापन प्रमुख जस्तो गरिमामय पदमा मनोनयन हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

क्याम्पस प्रमुख
शिक्षाशास्त्र केन्द्रीय क्याम्पस
वीरेन्द्रनगर, सुर्खेत

**(घ) व्यक्तिवृत्त :**

अङ्ग्रेजी बायोडाटाको समानार्थी नेपाली शब्द व्यक्तिवृत्त हो । यसलाई वैयक्तिक विवरण पनि भनिन्छ । यो व्यक्तिको परिचय, शैक्षिक योग्यता, तालिम तथा अनुभव आदि समेटर बनाइने संक्षिप्त विवरण हो । यो संक्षिप्तमा व्यक्तिको



परिचय दिने उद्देश्यले बनाइन्छ । विशेष गरी जागिरका लागि निवेदन दिँदा निवेदनका साथमा यसलाई समावेश गरिन्छ । यस वाहेक अन्य विभिन्न प्रयोजनका लागि पनि व्यक्तिवृत्त तयार गरिन्छ । जस्तैः

**व्यक्तिवृत्तको नमुना**



**व्यक्तिवृत्त**

| | | |
|---|---|---|
| नाम | : | खुमबहादुर खड्का |
| जन्ममिति | : | वि.सं. २०४०/१२/२४ (इ.सं. १९८४-०४-०६) |
| बुवाको नाम | : | पदमबहादुर खड्का |
| आमाको नाम | : | गीतादेवी खड्का |
| स्थायी ठेगाना | : | खजुरा गा.पा. ४, धर्मभक्त टोल, बाँके |
| अस्थायी ठेगाना | : | वीरेन्द्रनगर नगरपालिका १०, सुर्खेत |
| वैवाहिक स्थिति | : | विवाहित |
| लिङ्ग | : | पुरुष |
| भाषागत ज्ञान | : | नेपाली , अङ्ग्रेजी, हिन्दी, अवधी |
| राष्ट्रियता | : | नेपाली |
| धर्म | : | हिन्दू |
| नागरिकता नं. | : | ९००० |
| मोबाइल नं. | : | ९८४८०९०१०८ |
| इमेल ठेगाना | : | *khumkhadka99@gmail.com* |

**शैक्षिक योग्यता :**

| क्र.सं. | तह | शैक्षिक संस्था | उत्तीर्ण मिति | श्रेणी |
|---|---|---|---|---|
| १. | एम.एड.(नेपाली) | त्रि.वि. | वि.सं. २०६९ | प्रथम |
| २. | एक वर्षे बी.एड. (नेपाली) | त्रि.वि. | वि.सं. २०६३ | द्वितीय |
| ३. | बी.ए. (नेपाली) | त्रि.वि. | वि.सं. २०६१ | द्वितीय |
| ४. | आइ.ए.(नेपाली) | त्रि.वि. | वि.सं. २०५८ | द्वितीय |
| ५. | एस.एल.सी. | नेपाल बोर्ड | वि.सं. २०५५ | द्वितीय |

**तालिम :**

- शोध प्रस्ताव तथा शोधपत्र लेखन तालिम (वि.सं. २०७१) सुर्खेत : रिसर्च म्यानेजमेन्ट सेल ।

- अनुसन्धानमा ए.पी.ए. ढाँचाको प्रयोग सम्बन्धी कार्यशालामा सहभागी, सुर्खेतः मानविकी तथा सामाजिकशास्त्र सङ्काय, म.प.वि. ।
- छन्द कविता लेखन एवम् वाचनकला प्रशिक्षण (२०६६),बाँके : भेरी साहित्य समाज ।

**अनुभव :**

- उपप्राध्यापक नेपाली शिक्षा (२०७० देखि हालसम्म), सुर्खेत : मध्यपश्चिमाञ्चल विश्वविद्यालय ।
- अभ्यास शिक्षण प्रमुख शिक्षाशास्त्र सङ्काय (२०७१) सुर्खेत : मध्यपश्चिमाञ्चल विश्वविद्यालय ।
- स्नातकोत्तर र स्नातक तहका प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका परीक्षण र संपरीक्षणको अनुभव ।

**प्रकाशित पुस्तक**

| क्र.सं. | पुस्तकको नाम | लेखक | प्रकाशक |
|---|---|---|---|
| १. | डायास्पोरा नेपाली साहित्य र समालोचना (२०७५) | एकल | सनलाइट पब्लिकेसन, कीर्तिपुर |
| २. | अनिवार्य नेपाली (बी.एड. दोस्रो सेमेस्टर) (२०७५) | संयुक्त | दाजुभाइ पब्लिकेसन |
| ३ | अनिवार्य नेपाली (२०७६) | एकल | जेके पब्लिकेसन, सुर्खेत |
| ४ | अनिवार्य नेपाली (२०७८) | एकल | आदित्य बुक्स, काठमाडौं |

## अभ्यास

**विषयगत प्रश्न**

१. एउटा प्रतिष्ठित विद्यालयमा विद्यार्थी भर्नाका लागि आवश्यक पर्ने विज्ञापनको नमुना तयार गर्नुहोस् ।
२. नयाँ वर्षका उपलक्ष्यमा सिर्स्ने पुस्तक पसलका नामबाट दिइने शुभकामना तयार गर्नुहोस् ।
३. आफू अध्ययनरत क्याम्पसका एक जना प्राध्यापकले विद्यावारिधि उपाधि हासिल गर्नुभएको सन्दर्भलाई समेटेर एउटा बधाई ज्ञापनको नमुना तयार गर्नुहोस् ।
४. आफ्नो सम्पूर्ण सूचना समेटेर एउटा व्यक्तिवृत्तको नमुना तयार गर्नुहोस् ।
५. सिजि फुड्स कोहलपुरबाट उत्पादित वाइवाइ चाउचाउको प्रचार प्रसारका लागि एउटा विज्ञापन तयार गर्नुहोस् ।
६. झरना नर्सरी, वीरेन्द्रनगर सुर्खेतबाट उत्पादित फलफूलका बोटबिरुवा र गमलाको प्रशस्त व्यापार गर्ने उद्देश्यले आवश्यक पर्ने विज्ञापनको नमुना तयार गर्नुहोस् ।

☑



एकाइ ८

# निबन्ध लेखन

## ८.१ निबन्धको परिचय

निबन्ध शब्द 'बन्ध' धातुमा 'नि' उपसर्ग लागेर बनेको हो । यसको शाब्दिक अर्थ राम्ररी बाँधिएको भन्ने हुन्छ । जीवन र जगत्का जुनसुकै विषयलाई लिएर आत्मपरक वा वस्तुपरक शैलीमा लेखिएको स्वतन्त्र रचनालाई निबन्ध भनिन्छ । कुनै विषयमा केन्द्रित भई सुगठित ढङ्गमा बाँधिएको रचना नै निबन्ध हो । यसमा कुनै विषय वा वस्तुका प्रकृति, स्वरूप, विशेषता, गुणदोष आदि केलाएर आफ्ना अनुभूतिलाई स्वतन्त्र किसिमले व्यक्त गरिएको हुन्छ । यो विचार प्रधान साहित्यिक विधा हो । यसमा विषयवस्तुसँग सम्बन्धित विभिन्न तथ्यहरूलाई वैचारिक ढङ्गले प्रस्तुत गरिन्छ । कल्पना र भावनाका सहायताले विषयवस्तुलाई कलात्मक बनाएर प्रस्तुत गरिन्छ । विचारको प्रवाहसँगै अनुभूतिका रागहरू प्रस्ततु गरिन्छ । कलात्मक भाषाका माध्यमबाट आत्मप्रकाशनको प्रयास निबन्धमा गरिएको हुन्छ । यसरी कुनै पनि विषयवस्तुलाई लिएर विचार कल्पना र भावनाले राम्ररी सुव्यवस्थितहरूमा बाँधेर प्रस्तुत गरिने साहित्यिक विधा नै निबन्ध हो ।

## ८.२ निबन्धका प्रकार :

निबन्धलाई विभिन्न आधारमा वर्गीकरण गरिएको पाइन्छ । अभिव्यक्तिका आधारमा निबन्धलाई वर्णनात्मक, विवरणात्मक, विचारात्मक र भावनात्मक गरी चार प्रकारमा वर्गीकरण गर्न सकिन्छ । विषयवस्तु र शैलीका आधारमा भने निबन्ध वस्तुपरक र आत्मपरक गरी मुख्य दुई प्रकारका हुन्छन् :

(क) **वस्तुपरक निबन्ध :** कुनै पनि विषय वा शीर्षकमा बढी केन्द्रित भई तथ्यहरूको विवरण र वर्णन गरिने निबन्धलाई वस्तुपरक निबन्ध भनिन्छ । यसमा यथार्थपरक ढङ्गले कुनै पनि विषयवस्तुको वर्णन गरिन्छ । त्यसका गुण, विशेषता, महत्व आदिको प्रस्तुति गरिन्छ । यो निजात्मक नभएर परात्मक शैलीमा लेखिन्छ । यसमा तृतीय पुरूष दृष्टिविन्दुको प्रयोग गरिन्छ । यस्ता निबन्धमा निबन्धकारले कल्पना र